मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



**खै, को...**

गाउँमा युवा पुस्ता हराएको छ। कोही बिरामी हुँदा बोक्न मान्छे भेटिँदैन। स्थानीय वीरेन्द्र धामी भन्छन्, ‘म बिरामी छु। दिदीबहिनीहरूले स्टेचरमा बोकेर मलाई अस्पतालसम्म पुऱ्याइदिनुभयो।’ उनकै जस्तो मिल्दो भनाइ गाउँभर सुन्न पाइन्छ।

शिक्षाको हालत पनि त्यस्तै छ। धनीले शहर पठाउँछन्, बाँच्न गाह्रो भएका परिवारका छोराछोरी मात्र सरकारी विद्यालय पढ्छन्। किसानका बारीमा उब्जिएका गोलभेँडा, काउली, मुला बजारसम्म पुऱ्याइदिने कोही छैन।

खेतीपाती र जडिबुटीमा सम्भावना हुँदाहुँदै पनि गाउँका युवालाई त्यसले तानेको छैन।

‘वडा नं ७ मात्र होइन, समग्र गाउँपालिका यार्सागुम्बा, बनलशुन, चिरेतो लगायत दुर्लभ जडिबुटीले भरिएको छ। यी जडिबुटी राष्ट्रिय आयमा उल्लेखनीय योगदान दिन सक्ने क्षमतायुक्त छन्। तर उत्खनन, संरक्षण र बजारीकरण नहुँदा आर्थिक लगानी सुरक्षित छैन’ छबिसपाथिभेराका अध्यक्ष वस्नत बहादुर चलाउने भन्छन्।

गाउँमा पर्यटन, कृषि, जडिबुटी, सामुदायिक वन, प्राकृतिक स्रोतको प्रचूर सम्भावना छ। तर सरकारले ध्यान नदिँदा आम जनताको चासो नबढेको उनको भनाइ छ।

**नेपालीलाई...**

छलफल गरिरहेका हुन्। अमेरिकाको सबैभन्दा ठूलो ‘बंकर बस्टर’ बम अमेरिकी बी-२ बमवर्षकहरू प्रयोग गरेर म्यासिभ अर्डनेन्स पेनिट्रेटरको प्रयोग गरेर मात्र इरानको सो भूमिगत स्थलमा पुग्न सकिन्छ।

यदि उनले अगाडि बढ्ने निर्णय गरे भने संयुक्त राज्य अमेरिका मध्यपूर्वमा नयाँ द्वन्द्वमा प्रत्यक्ष सहभागी बन्नेछ।

दुई देशबीच युद्ध चर्किदा विभिन्न देशले आफ्ना नागकिरलाई इजरायल र इरानबाट फिर्ता बोलाउन थालेका छन्। भारत, चीनसहित युद्धग्रस्त देशबाट आफ्ना नागरिकलाई फिर्ता बोलाउन लागेका हुन्।

**नेपालीलाई उद्धार गरिने**

इरान र इजरायलबीच देखा परेको प्रत्यक्ष द्वन्द्वले घातक स्वरूप लिइरहँदा नेपाली श्रमिकहरू रहेको इजरालमा उनीहरूको सुरक्षा चिन्ता बढेको छ। शुक्रवारदेखि सुरु भएको पछिल्लो द्वन्द्व थप चर्कने घटनाक्रम देखा परिरहँदा इजरायलबाट उनीहरूको उद्धार गर्नुपर्ने कुरा उठ्न थालेका छन्। इजरायल र इरानको जारी द्वन्द्वका कारण इजरायलमा रहेका नेपालीहरूको उद्धारको पहल सुरु भएको छ।

इजरायलमा रहेको नेपाली दूतावासले इजरायल र इरानमा रहेका नेपालीको उद्धार प्रयोजनका लागि विवरण संकलन सुरु गरेर उद्धारको पहल थालेको हो। इजरायलको तेलअविभस्थित नेपाली दूतावासले सूचना निकाल्दै नेपालीको उद्धार तथा स्वदेश फिर्ती प्रयोजनका लागि अनलाइन दर्ताको व्यवस्था गर्दै सूचना निकालेको छ।

‘इजरायलमा विकसित पछिल्लो परिस्थितिका बिच समस्या र त्रासमा रहेका नेपाली नागरिकहरूको आवश्यकताअनुसार उद्धार, स्वदेश फिर्ती तथा अन्य प्रयोजनका लागि आधार प्राप्त होस् भन्ने हेतुले दूतावासले सूचना संकलनको काम सुरु गरेको छ’, दूतावासले बुधबार सूचना जारी गरी भनेको छ। यस्तै सहभागी हुन इच्छुकले अनलाइन दर्ता गर्न सकिने सूचनामा उल्लेख छ।

नेपाली नागरिकलाई उद्धार गर्नुपर्ने परिस्थितिका लागि दूतावास तयारी अवस्थामा रहेको इजरायलस्थित राजदूत धन प्रसाद पण्डितले बताए। ‘पानीजहाजमार्फत साइप्रस पुऱ्याएर हुन्छ वा स्थल नाकामार्फत् जोर्डन पुऱ्याएर हुन्छ, हामी त्यसको विकल्प हेरिरहेका छौँ’, राजदूत पण्डितले भने।

**अन्य देशमा पनि जोखिम**

हाल अन्य देशहरू पनि यस युद्धमा जोडिइ नसकेकाले मध्यपूर्वका अन्य देशमा पनि अवस्था गम्भीर बन्दै गएको छ। इरानमा करिब एक दर्जनको संख्यामा नेपालीहरू छन्। त्यसबाहेक लेबनन, जोर्डन, इराक र सिरिया दुई देशबीचको द्वन्द्वको प्रत्यक्ष मारमा पर्न सक्ने देशका रूपमा हेरिन्छन्। जहाँ औपचारिक र अनौपचारिक तवरबाट गएका नेपालीहरू रहेका पाइन्छन्।

यीमध्ये जोर्डनमा झण्डै ३ हजार र लेबननमा झण्डै ८ यि जना शान्ति सैनिकबाहेक ११ सय जना जति नेपाली श्रमिकहरू रहेको ठानिन्छ।

इराक र सिरियाजस्ता देशमा श्रमिक जान बन्देज छ। सबैभन्दा धेरै नेपाली भएको देश यूएई हो जुन यसमा तटस्थ देखिएको छ।

तर इरानले ‘स्ट्रेट अफ हर्मुज’ भनिने खाडी क्षेत्रको जल क्षेत्र बन्द गर्ने चेतावनी दिइरहँदा त्यससँग जोडिएको ओमानमा समेत पर्न सक्ने सम्भावना छ। ओमानमा झण्डै २० हजार नेपालीहरू कार्यरत छन्।

**सबै नेपाली सुरक्षित**

इजरायलस्थित नेपाली राजदूत धनप्रसाद पण्डितले हालसम्म त्यहाँ रहेका सबै नेपालीहरू सुरक्षित भएको बताए। ‘अहिलेसम्म सबै नेपालीहरू सुरक्षित छौँ र यदि उनीहरू असुरक्षित हुने अवस्था आयो र यहाँबाट उद्धार गर्नुपर्ने अवस्था आयो भने हामी तयार छौँ’, उनले भने।

उनले इजरायली निकायहरूसँग पनि आफूहरू निरन्तर सम्पर्कमा रहेको र नेपालीहरूलाई सुरक्षाका लागि दिइएका निर्देशनहरू पालन गर्न आग्रह गरिएको बताए।

राजदूत पण्डितले भने, ‘अहिले आत्तिनु पर्ने अवस्था छैन र दूतावासले नेपालीलाई असुरक्षित महसुस गरेमा आवश्यक सहयोग पनि गर्नेछ। त्यसका लागि सम्पर्क गर्न हामीले भनेका छौँ र काठमाडौँस्थित परराष्ट्र मन्त्रालयमा पनि हामी निरन्तर सम्पर्क र समन्वयमा छौँ।’

यसअघि सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणमा १० जना नेपाली विद्यार्थीहरूको मृत्यु भएको थियो भने हमासले बन्धक बनाएका भनिएका विपिन जोशीको अवस्था हालसम्म अज्ञात छ। ती विद्यार्थीहरू काम गर्दै सिक्ने योजनाअन्तर्गत इजरायल गएका थिए।

**नेपालीको डर...**

बताएका छन्। मध्यान्हको सम्पर्कमा आएका इजरायलमा कार्यरत नेपालीले अहिलेसम्म आफूहरू सुरक्षित भएपनि कति बेला के हुने चिन्ता लागेको बताएका छन्।

इजयारलमा अधिकांश नेपाली केअरगिभरको काम गर्छन। केही नेपाली अन्य क्षेत्रमा काम गर्छन्। इजरायलमा ५ हजार भन्दा बढी संयामा नेपालीहरू कार्यरत छन्।

इजरायलस्थित नेपाली दूतावासले त्यहाँका नेपालीहरूलाई सुरक्षासम्बन्धी निर्देशनहरू पालन गर्न र आपत्कालीन अवस्थामा सहयोगका लागि दूतावासमा सम्पर्क गर्न आग्रह गरेको छ।

इजरायलमा सबैभन्दा राम्रो भनेको कुनै पनि खतराको संकेत हुनेबित्तिकै मोबाइलमा त्यसको सन्देश आउँछ र अर्लाम बज्छ। साइरन पनि बज्छ र बंकर भित्र छिर्नुपर्छ। इजरायलका अधिकांश शहरमा सामुदायिक बंकरको सुविधा पनि छ। बंकरमा लुकेपछि ज्यानको डर लागेको इजरायलमा कार्यरत ललितपुरका मातृका तिमल्सिनाले बताउँछन्। ‘म यहाँ आएको झन्डै २० वर्ष भयो। मैले हालसम्म यस्तो अवस्थाको अनुभव गरेको थिइनँ’, उनले भने।

इजरायलबाट तत्काल नेपाल फर्कने अवस्था छैन किनभने सबै विमानस्थलहरू बन्द छ। अहिले तत्काल फर्कन चाहनेहरू पनि फर्कन सक्ने अवस्था छैन।

वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो १० महिनामा मात्र श्रम स्वीकृति लिएर एकहजार ४५ जना नेपाली इजरायल गएका छन्।

२०८१ साउनमा ३९, भदौमा ३२, असोजमा ३९, कात्तिकमा ११२, मंसिरमा ९१, पुसमा ४७, माघमा ४६, फागुनमा २४०, चैतमा २५३ र २०८२ वैशाखमा १४६ जना नेपाली केयर गिभरको रुपमा इजरायल पुगेका छन्। विभागका अनुसार २०७८ साउन १ गतदेखि २०८२ वैशाख मसान्तसम्मको अवधिमा ३ हजार ७३२ जना नेपाली केयर गिभरको रुपमा इजरायल गएको विभागको तथ्यांकले देखाउँछ।

आर्थिक वर्ष २०७८/७९ मा ५९८ जना, २०७९/८० मा १ हजार ८४ जना, २०८०/८१ मा एक हजार पाँचजना र २०८१/८२ को पहिलो १० महिनामा एक हजार ४५ जना नेपाली केयर गिभरको रुपमा काम गर्न इजरायल गएका थिए।

**निजामती...**

अर्यालसहित उच्च पदस्थ कर्मचारीले नै असन्तुष्टि जनाइरहेका छन्। यो बेला प्रधानमन्त्री ओली स्वयमले आफैं अग्रसरता लिएर छलफल गरेका हुन्।

प्रधानमन्त्री ओलीले अन्य दलका नेताहरूसँग समेत छलफल गर्दैछन्। त्यस अगाडि उनले केही नेतालाई प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमै बोलाएर छलफल गरेका हुन्।

निजामती सेवासम्बन्धी विधेयक हाल प्रतिनिधि सभामा छ। राज्य व्यवस्था समितिले पारित गरेको विधेयकको प्रतिवेदन १ असारमा प्रतिनिधि सभामा पेस भएको छ।

यसअघि गत सोमबार बसेको मन्त्रिपरिषद्को बैठकमा समेत कुलिङ पिरियडबारे छलफल भएको थियो। मन्त्रिपरिषद्को बैठकमै शीर्ष नेताहरूबीच कुलिङ पिरियडबारे छलफल गर्नुपर्ने कुरा उठेको थियो। त्यसआधारमा समेत प्रधानमन्त्रीले नेताहरूसँग संवादमा अग्रसरता लिएका हुन्।

नेताहरूका अनुसार निजामती सेवा विधेयक अगाडि नबढेकोमा प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि चासो लिएका छन्। प्रचण्डले सभामुख घिमिरेलाई फोन गरेरै निजामती विधेयक रोकिएकोबारे सोधेका थिए। जवाफमा सभामुख घिमिरेले संसद्मा अवरोध रहेकाले मंगलबार कार्यसूचीमा चढेर पनि निजामती विधेयक अगाडि बढ्न नसकेको बताएका थिए। राज्य व्यवस्था समितिका सभापति खतिवडा निजामती विधेयक छिट्टै पारित हुने विश्वास व्यक्त गर्दछन्। उनी भन्छन्, ‘प्रतिनिधि सभामा गइसकेको निजामती विधेयकको प्रतिवेदन छिट्टै पास हुन्छ भन्ने विश्वास मलाई छ।’

**मनाङे...**

गर्दै मनाङेलाई उम्मेदवार हुन समेत अयोग्य भएको ठहर गर्दै पदमुक्त हुने फैसला गरेको हो।

अधिवक्ता वीरेन्द्रराज कार्कीले झुटो विवरण बुझाएर निर्वाचित भएकाले उनको पद खारेज हुनुपर्ने माग गरेका थिए। निर्वाचनसम्बन्धी कानुनअनुसार अब निर्वाचन आयोगको मनाङ-२ मा उपनिर्वाचन गर्नुपर्नेछ।

मनाङे २०७४ सालमा पनि प्रदेशसभा सदस्य थिए। प्रदेश सभाको अघिल्लो कार्यकालमा ६ पटकसम्म मन्त्री बनेका उनी प्रदेश सभाको चालू कार्यकालमा पनि पटक-पटक मन्त्री भए।

झण्डै आधा कार्यकाल सकिएपछि मनाङेको पद खाली भएको हो। यसअघि अघिल्लो वर्ष मनाङेलाई सर्वोच्च अदालतले ज्यान मार्ने उद्योगमा दोषी ठहर गरेको थियो। सर्वोच्चका न्यायाधीश डा. नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले ज्यान मार्ने उद्योगमा दोषी ठहर गरेपछि नै उनको पद निलम्बनमा परेको थियो।

बुधबार सर्वोच्च अदालतले पद रिक्त हुने फैसला गरेको हो।

२०६१ सालमा गुण्डा नाइके मनाङेको समूहले चक्रे मिलनमाथि आक्रमण गरेको थियो। उक्त आक्रमणमा चक्रे मिलनको हात छिनेको थियो। त्यसविरुद्ध ज्यान मार्ने मुद्दामा काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता भएको थियो। तर, जिल्ला अदालतले सामान्य कुटपिट मात्रै भएको ठहर गर्दै मनाङेलाई दुई वर्ष कैद सजायको फैसला सुनाएको थियो।

जिल्ला अदालतको फैसला चित्त नबुझेपछि मुद्दा उच्च (तत्कालीन पुनरावेदन अदालत, पाटन) मा पुगेको थियो। तत्कालीन पुनरावेदन अदालत पाटनले जिल्ला अदालतको फैसला उल्ट्याएर मनाङेलाई ५ वर्षको जेल सजाय तोकेको थियो। तर, मनाङे जेल गएका थिएनन्।

फरार सूचीमा रहेका उनी २०७४ मा प्रदेशसभा सदस्य निर्वाचित भएका थिए। त्यसपछि मनाङे पुनरावेदन लिएर सर्वोच्च अदालत पुगे। हदम्याद नाघेकाले पुनरावेदनको दरपीठ खारेज भयो र उनी जेल चलान भए।

जेलभित्र बसेरै उनले सर्वोच्चमा रिट दिए। उक्त रिट सर्वोच्चले दरपीठ खारेजको निर्णय उल्टाउँदै मनाङेलाई १० वर्षभन्दा कम सजाय हुने मुद्दामा थुनाबाहिर रहेरै मुद्दा लड्न पाउने व्यवस्थाबमोजिम पुनरावेदनको मौका दिएको थियो। त्यसपछि उनी २०७५ पुस ६ मा थुनामुक्त भएका थिए।

सर्वोच्चले उच्च अदालतको फैसला सदर गर्दै दोषी ठहर गरेपछि उनी पुनः जेल गएका थिए। बुधबार पदमुक्त भए। आधा कार्यकाल बाँकी रहेकाले उनी निर्वाचित क्षेत्रमा उपचुनाव हुनेछ।

**जेठमा...**

४११ जना, ओमानमा ४२१ जना र साइप्रसमा ८१३ जना गएका छन्।

चालु आर्थिक वर्षको ११ महिनामा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ७ लाख ६० हजार ३९१ पुगेको छ। गत वर्ष ७ लाख ४१ हजार ९२७ जना वैदेशिक रोजगारीमा गएका थिए।

वैदेशिक रोजगार विभागको यो तथ्यांकले श्रम बजारमा आउने नेपाली श्रमशक्तिको जीवनको प्रमुख आधार वैदेशिक रोजगार देखिएको र सरकारले स्वदेशमा रोजगार सिर्जना गर्न बजेट वा नीति तथा कार्यक्रममार्फत ल्याउने कार्यक्रम प्रभावकारी नभएको धेरैको टिप्पणी छ।

**जेठमा धेरै...**

भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.- ४४१
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- ३५८
द रिभर ओभरसिज प्रा.लि.- ३५०
मोन्टेज ओभरसिज प्रा.लि.- २८८
गोल्डेन गेटवे इन्टरनेशनल प्रा.लि.- २६८
ग्रेस ओभरसिज प्रा.लि.- २६६
इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.- २५८
साउन्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- २४९
मास ह्युमन रिसोर्स प्रा.लि.- २३१
ब्लु स्काइ इन्टरनेशनल प्रा.लि.- २३१
स्काइवेज ब्युरो सर्भिसेज प्रा.लि.- २२४
रोयल इन्टरनेशनल ओभरसिज प्रा.लि.- २१९
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- २११
लुलु इन्टरनेशनल प्रा.लि.- २०९
शिखर इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा.लि.- २०९
लगइन इन्टरनेशनल ओभरसिज रिक्रुटमेन्ट प्रा.लि.- २०९
एम्स ओभरसिज प्रा.लि.- १९४
प्रिमियम ह्युमन रिसोर्स प्रा.लि.- १९२
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेज प्रा.लि.- १८७
अल-जाफर इन्टरनेशनल प्रा.लि.- १८६
अल शहीद ओभरसिज प्रा.लि.- १८४
स्टारिस एचआर सर्भिसेज प्रा.लि.- १८४
फ्युचर म्यानपावर रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.- १८२
डीके रिभर ओभरसिज प्रा.लि.- १६९
एच.एम.टी. ओभरसिज प्रा.लि.- १६७
रिलायवल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १६५
अल-आस्मास कम्पनी प्रा.लि.- १६५
एशिया लिंक सर्भिस प्रा.लि.- १६३
सान नेपाल प्रा.लि.- १६१
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १५९
दाना ह्युमन रिसोर्स नेपाल प्रा.लि.- १५६
सन लाइट ह्युमन रिसोर्स प्रा.लि.- १५५
गोरखा ह्युमन रिसोर्स प्रा.लि.- १५२
स्ट्राइकफोर्स एशिया रिक्रुटमेन्ट प्रा.लि.- १५०
मोभिरा एच.आर. सर्भिस प्रा.लि.- १४९
एक्सेस पार्टनर्स प्रा.लि.- १४८
मानस्लु इन्टरनेशनल सर्भिस प्रा.लि.- १४७
अल-हयात म्यानेजमेन्ट प्रा.लि.- १४६
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- १४६
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १४६
वर्ल्डवाइड इम्प्लोइमेन्ट कन्सल्ट्यान्सी प्रा.लि.- १४५
गल्फ म्यानपावर सर्भिसेज प्रा.लि.- १४४
स्किल्स ग्रुप एच.आर. रिक्रुटमेन्ट प्रा.लि.- १४२
जलजला रिक्रुटमेन्ट प्रा.लि.- १४२
सनलाइट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १४१
सीगल इन्टरनेशनल ग्लोबल एच.आर. कन्सल्ट्यान्ट्स प्रा.लि.- १४१
ब्रदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- १४१
एस.पी.एम. ओभरसीज प्रा.लि.- १४०
अल सेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- १३८
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १३७
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- १३५
खगोल ओभरसिज प्रा.लि.- १३४
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १३३
टार्गेट कन्सल्टेन्ट ह्युमन रिसोर्स प्रा.लि.- १३३
एमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.- १३२
नौकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १२८
एम.बी. ह्युमन रिसोर्स प्रा.लि.- १२८
वर्षा ह्युमन रिसोर्स प्रा.लि.- १२४
योङ ह्युमन रिसोर्स प्रा.लि.- १२३
होप इन्टरनेशनल प्रा.लि.- १२०
लकी एच.आर. सोलुसन प्रा.लि.- ११९
सुफी इन्टरनेशनल सर्भिसेज प्रा.लि.- ११८
दुबई ओभरसिज इन्टरनेशनल प्रा.लि.- ११७
वर्कफोर्स सर्भिसेज प्रा.लि.- ११७
टेस्ला ओभरसिज प्रा.लि.- ११५
ओपस म्यानपावर प्रा.लि.- ११४
नेपाल वर्ल्ड ओभरसिज प्रा.लि.- ११३
अम्बे इन्टरनेशनल एच.आर. नेपाल प्रा.लि.- ११३
शिवाकोटी म्यानपावर सर्भिस प्रा.लि.- ११३
डायनामिक सेल्स एण्ड सर्भिसेज प्रा.लि.- १११
प्रिन्स इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.- १११
रोटरी ओभरसिज प्रा.लि.- ११०
अल एशिया ओभरसिज प्रा.लि.- ११०
गोल्डेन क्राउन ओभरसिज प्रा.लि.- १०८
गाइडलाइन रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १०८
सी.डी. ह्युमन रिसोर्सेस प्रा.लि.- १०८
कन्टिनेन्टल एच.आर.डी. कन्सल्ट्यान्ट्स प्रा.लि.- १०७
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- १०७
सपोर्ट ह्युमन रिसोर्सेस प्रा.लि.- १०६
योभान्ट रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.- १०५
राज ओभरसिज प्रा.लि.- १०३
साण्डिया ह्युमन रिसोर्सेस प्रा.लि.- १०३
श्री ब्रदर्स ह्युमन रिसोर्सेस प्रा.लि.- १०३
जब सिकर म्यानपावर प्रा.लि.- १०० जना


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०९/०५ मा दर्ता भएको **प्रा. लि. नं. ७८६५३/०६७/०६८** को **बुम इन्फो-टेक प्राइभेट लिमिटेड** को मिति २०८२/०१/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०२/२८ मा दर्ता भएको प्रा.लि.नं १९१३७४ को **पैयुँ चौतारी एग्रो टुरिजम एण्ड रिसोर्ट प्रा. लि.** को मिति २०८२/०३/०४ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः हरिराम पौडल**
**इजाजतपत्र नः ४९७**
**ठेगानाः का.म.न.पा-२६, काठमाडौं**
**फोन नः ९८४१४२००६९**

## युएईमा रोजगार

कम्पनी: SAHARA ENGINEERING METAL CONSTRUCTION CONTRACTING L.L.C शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८२/०३/०४ चलानी नं.: ६०२३९७७९ LT. No.: 325862

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | WELDER | 3 | 0 | | 1200 | ४४,९८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार १२ गते (26 June 2025) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

PREMIUM HR
PREMIUM HUMAN RESOURCE
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01–5917815, 5917814
Mobile : 9801080183, 9801029663, 9801080059, 9801021737, 9801029662, 9801044492
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np
श्रम इजाजत नं. १६३१/०८०/०८१

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ५ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय लमहीबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**क) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **युवराज किराना पसल** प्रोप्राइटरको नाम : युवराज गुप्ता प्रा.फ.र.नं. : १३६०४/८६४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता मिति : २०७६/११/१९
रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ३०५७९१२३०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हिरालाल गुप्ताको नाति राम लखन गुप्ताको छोरा दाङ जिल्ला गढवा वडा न. ९ हाल, गढवा गा.पा. वडा नं. ७ बस्ने **युवराज गुप्ता** (ना.प्र.नं. : ५२२००३/६३० जारी मिति र जिल्ला : २०६७/०४/१६, दाङ)
२) राम लखन गुप्ताको बुहारी युवराज गुप्ताको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **अस्मिता चौधरी** (ना.प्र.नं. : ५२-०६-७४-०२३४५ जारी मिति र जिल्ला २०७४/०५/११, दाङ)
३) बुद्धिराम चौधरीको नाति थानेश्यर चौधरीको छोरा दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **पंकज चौधरी** (ना.प्र.नं. : ५२-०६-७५-०१३८३ जारी मिति र जिल्ला २०७५/०३/११, दाङ)

**ख) कर्जा शीर्षक : व्यावसायिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **अस्मिता पलाष्टिक पसल** प्रोप्राइटरको नाम : अस्मिता चौधरी प्रा.फ.र.नं. : १५७५४-१०-२०७८/७९
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, दाङ दर्ता मिति : २०७८/०५/१५
रजिष्टर्ड ठेगाना : दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६१६६१५३९१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राम लखन गुप्ताको बुहारी युवराज गुप्ताको पत्नी दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **अस्मिता चौधरी** (ना.प्र.नं. : ५२-०६-७४-०२३४५ जारी मिति र जिल्ला २०७४/०५/११, दाङ)
२) हिरालाल गुप्ताको नाति राम लखन गुप्ताको छोरा दाङ जिल्ला गढवा वडा न. ९ हाल, गढवा गा.पा. वडा नं. ७ बस्ने **युवराज गुप्ता** (ना.प्र.नं. : ५२२००३/६३० जारी मिति र जिल्ला : २०६७/०४/१६, दाङ)
३) बुद्धिराम चौधरीको नाति थानेश्यर चौधरीको छोरा दाङ जिल्ला गढवा गा.पा. वडा नं. ७ बस्ने **पंकज चौधरी** (ना.प्र.नं. : ५२-०६-७५-०१३८३ जारी मिति र जिल्ला २०७५/०३/११, दाङ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०७/२७ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।
२) मिति २०८१/१०/२० को राजधानी राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धनीको नाम | धितो खठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| युवराज गुप्ता | दाङ जिल्ला मटेरिया वडा नं. ३ | ३ख | ७१२ | ६७७.२६ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०३/१९ गते विहीबार भित्र यस बैकको शाखा कार्यालय लमही आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०३/२० गते शुक्रबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय लमहीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।

“नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक”
मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# Belaka Municipality
# Office of the Municipal Executive
Rampur, Udayapur
Koshi Province, Nepal

## Letter of Intent to Award the Contract

**First Date of Publication: June 19, 2025 (2082.03.05 B.S)**

This is to notify all concern bidders that, it is our intention to award the contract for execution of Procurement and Supply of Electrical Centrifugal Water Motor to the following substantially responsive lowest evaluated bidders. Corresponding lowest evaluated substantially responsive Bid is selected in accordance with ITB 40 of bidding documents and this notice is published as per PPA, 2063 clause 27.2, 27.3 and 47.

| Contract Identification No Name of Contract | Name of Contract. | Name and Address of Successful Bidder | Bid Amount (with VAT) |
|---|---|---|---|
| 17/BELAKA/NCB/GO/2081-082 | Procurement and Supply of Electrical Centrifugal Water Motor | Medi Enterprises Bhokraha Narsing Rural Municipality-5, Sunsari | 19,15,858.50 |

**Chief Administrative Officer**